सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
१९ औं वार्षिक साधारण सभाको
काम कारवाहीको विवरण
(माइन्यूट)

१. वैधानिक सभा :

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको १९ औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री प्रबल जंग पाण्डेज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिम निर्णय भयो ।

२. सभाको सूचना :

कम्पनी ऐन, २०६३ को दफा ६७ र बैंकको नियमावली बमोजिम बैंकको १९ औं वार्षिक साधारणसभाको सूचना मिति २०८२/०७/१८ गते बसेको सञ्चालक समितिको ४९६ औं बैठकले निर्णय गरे अनुसार प्रथम पटक मिति २०८२/०७/१९ गते बुधबारको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा र दोस्रो पटक मिति २०८२/०७/२४ गते सोमबारको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना तथा संक्षिप्त आर्थिक विवरण सहितको विवरण समेत उल्लेख गरी शेयरधनी महानुभावहरुलाई जानकारीको लागि प्रकाशित गरिएको थियो । यसै गरी बैंकको आधिकारीक website www.ctznbank.com मा मिति २०८२/०७/१९ गते सूचना प्रकाशित गरी सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

सभा भएको मिति, स्थान र समय

सभा भएको मिति	:- २०८२ साल मंसिर महिना १२ गते (तद्अनुसार २८ नोभेम्बर, २०२५) शुक्रबार
सभा भएको स्थान	:- अनुपम फुडल्यान्ड एण्ड बैंक्वेट, बत्तिसपुतली, काठमाण्डौं ।
सभा सुरु भएको समय	:- बिहान ११:०० बजे ।

३. छलफलका विषयहरु :

क. साधारण प्रस्तावहरु

१. आ.व. २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार कर प्रयोजनार्थ ०.२६३ प्रतिशतका दरले हुन आउने रु. ३८,८६५,८२३.५९ बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५ बैंकको नियमावली अनुसार समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) र समूह 'ख' का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद ३ (तीन) निर्वाचन गर्ने ।

ख. विशेष प्रस्तावहरु

१. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ५ प्रतिशतका दरले हुन आउने रु.७३८,४५०,६४८.३० बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. (क) बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।
(क-१) बैंकको अधिकृत पूँजी बृद्धि गर्ने सम्बन्धमा ।
(क-२) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।

३. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविध

४. उपस्थिति

४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु :

क्र.सं.	नाम, थर	पद	कैफियत
१.	श्री प्रबल जंग पाण्डे	अध्यक्ष	उपस्थित
२.	श्री प्रकाश चन्द्र मैनाली	सञ्चालक	उपस्थित
३.	श्री दिग्विजय विष्ट	सञ्चालक	उपस्थित
४.	श्री अनिल ज्ञवाली	सञ्चालक	उपस्थित

४.२ उपस्थित अन्य पदाधिकारी :

क्र.सं.	नाम थर	पद
१.	श्री गणेश राज पोखरेल	प्रमुख कार्यकारी अधिकृत
२	श्री राजेन्द्र लाल श्रेष्ठ	नायव प्रमुख कार्यकारी अधिकृत
३.	श्री सुमन मुलेपती	प्रमुख कर्जा अधिकृत/सहायक प्रमुख कार्यकारी अधिकृत
४.	श्री संजिव कुमार श्रेष्ठ	प्रमुख सूचना प्रविधि अधिकृत/सहायक प्रमुख कार्यकारी अधिकृत
५.	श्री नारायण राज अधिकारी	प्रमुख प्रशासकीय अधिकृत/प्रवक्ता/सूचना अधिकारी/सहायक प्रमुख कार्यकारी अधिकृत
६.	श्री अमित खनाल	प्रमुख जोखिम अधिकृत/सहायक प्रमुख कार्यकारी अधिकृत
७.	श्री रवि कुमार रौनियार	प्रमुख सञ्चालन अधिकृत/गुनासो सुन्ने अधिकारी/ सहायक प्रमुख कार्यकारी अधिकृत
८.	श्री रोशन मल्ल	प्रमुख पूर्वाधार/सहवित्तीयकरण तथा कर्पोरेट बैंकिङ्ग अधिकृत
९.	श्री रोशन मानन्धर	प्रमुख मास बैंकिङ्ग अधिकृत
१०.	श्री प्रमेश राज कायस्थ	प्रमुख वित्त अधिकृत/कम्पनी सचिव

४.३ शेयरधनीहरुको उपस्थिति :

क्र.सं.	विवरण	संख्या
१.	स्वयम् उपस्थित हुने शेयरधनीको संख्या :	१,१४०
२.	प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या :	७८६
	जम्मा	१,९२६

५. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

विवरण	कूल संख्या	जम्मा उपस्थिति	कूल शेयरको प्रतिनिधित्व
शेयरधनी संख्या	१,८४,६३२	१,९२६	५२.२१ प्रतिशत
सस्थापक समूह "क"	१,५१०	३०१	३६.५० प्रतिशत
सर्वसाधारण समूह "ख"	१,८३,१२२	१,६२५	१५.७१ प्रतिशत
शेयरधनीहरुले ग्रहण गरेको कुल शेयर कित्ता	१४,७६,९०,१२९.६६		१००.०० प्रतिशत

६. सभाको वैधानिकता र सभाको सभापतित्व

६.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम साधारण सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको १९ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने शेयरधनीको संख्या १,१४० जना, प्रोक्सी मार्फत ७८६ जना गरि कुल शेयरधनी १,९२६ जना कुल

शेयर कित्ता मध्ये शेयर कित्ता ७,७१,१५,५९८.३७ उपस्थित भई ५२.२१ प्रतिशत प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम बैंकको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात् काठमाण्डौंमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार सभा सञ्चालनको लागि वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष प्रबल जंग पाण्डे ज्यूको सभापतित्वमा गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष प्रबल जंग पाण्डेज्यूको सभापतित्वमा बैंकको १९ औं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नु भयो ।

६.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व सभामा स्वयम् उपस्थित हुनु भएका सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्नु भयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

७. साधारण सभाको प्रस्तुती :

७.१. सभाका सभापतिज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्दै पूर्व निर्धारित छलफलका विषय सूचीका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

७.२ तत्पश्चात् सभापतिज्यूले बैंकको १९ औं वार्षिक साधारण सभामा प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

८. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु :

८.१ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको १९ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात् निम्न शेयरधनीहरुले देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री जगन्नाथ आचार्य
२. श्री भेषराज भण्डारी
३. श्री उत्तम दत्त पाण्डे
४. श्री सुदिप श्रेष्ठ
५. श्री व्यास कुमार शर्मा
६. श्री उद्धव प्रसाद घिमिरे
७. श्री ब्रह्मदेव शाक्य
८. श्री कुवेर श्रेष्ठ
९. श्री गुणराज भट्ट
१०. श्री भक्ती प्रसाद उप्रेती
११. श्री शत्रुघन श्रेष्ठ
१२. श्री डमरु बल्लभ घिमिरे
१३. श्री इन्द्र प्रसाद लामिछाने
१४. श्री रोज कुमार श्रेष्ठ
१५. श्री महेन्द्र बहादुर श्रेष्ठ
१६. श्री युगल बस्नेत
१७. श्री गोगन बहादुर पराजुली
१८. श्री उत्सव श्रेष्ठ
१९. श्रीमति निरुपमा गुप्ता

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेसनल लि.

२०. श्री कमल राम भट्टराई
२१. श्री धुव्रराज न्यौपाने
२२. श्री उत्तम पाठक
२३. श्री लवराज जोशी

८.३. छलफलमा लिखित मन्तव्य पेश गर्नु हुने शेयरधनी महानुभावहरुको नाम
१. श्री चन्द्र नारायण श्रेष्ठ
२. श्री बैजूनाथ रौनियार
३. श्री लक्ष्मण बहादुर श्रेष्ठ
४. श्री कृष्ण प्रसाद्र अधिकारी
५. श्री नरसिंहलाल चंखू

९. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण :

९.१ छलफलको क्रममा शेयरधनी महानुभावहरुले स्वयम् आफै उपस्थित भई निम्नानुसारका मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

१. श्री जगन्नाथ आचार्य

श्री आचार्यज्यूले बैंक संचालक समिति अध्यक्ष, बैंक व्यवस्थापन समूह, कर्मचारी परिवार, शेयरधनीहरु लगायत सभामा उपस्थित सर्म्पूणलाई अभिवादन गर्दै शेयरधनीको तर्फबाट बोल्ने मौका दिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले ठूला बैंकले लाभांश दिन नसकेको विषम् परिस्थितिमा पनि ५.२६३ प्रतिशत वोनस शेयर तथा नगद लाभांश दिएकोमा बैंक व्यवस्थापनलाई धन्यवाद दिनुभयो । उहाँले हाल मुलुक Grey Listमा रहेको, बजारमा कर्जाको माग नरहेको अवस्थामा, नियमनकारी निकायको परिधिमा रहेर कर्जाको गुणस्तर बृद्धि गर्दै सम्भावना भएका क्षेत्रहरु उद्योग, व्यापार, जलविद्युत जस्ता क्षेत्रहरुमा होसियारी पूर्वक लगानी गरी कर्जा बढाउनु पर्नेमा जोड दिनु भयो । बैंकको निष्क्रिय कर्जा ५ प्रतिशत पुग्न लागेको भन्दै सो घटाउन कर्मचारीहरुको भूमिका महत्वपूर्ण हुने भएकोले कर्मचारीलाई समय सापेक्ष प्रशिक्षण गराउनुपर्ने बताउनु भयो । अहिलेको समयमा बैंकले बैंकिङ्ग सेवाहरु Digitalize गर्दै जानुपर्नेमा जोड दिदै उहाँले Online ठगी रोक्न सावधानी अपनाउन अनुरोध गर्नुभयो । बैंकले आगामी वर्ष दशैं अगाडी नै साधारण सभा सम्पन्न गरोस् भनी शुभकामना दिनुभयो ।

२. श्री भेषराज भण्डारी

श्री भण्डारीज्यूले सभामा उपस्थित सम्पूर्णमा अभिवादन गर्दै बैंकले प्रत्येक वर्ष लाभांश प्रस्ताव गर्दै शेयरधनीहरुलाई लाभांश दिंदै आएकोमा धन्यवाद दिंदै आगामी वर्ष दोहोरो अङ्कमा लाभांशको अपेक्षा गर्नुभयो । बैंकले वासलात नेपाली भाषामा बुझिने गरी प्रकाशित गरेकोमा धन्यवाद दिंदै उहाँले बैंकको सञ्चालन खर्च गत वर्ष भन्दा तुलानात्मक रुपमा वृद्धि भएकोले सो घटाउन तर्फ बेलैमा सचेत हुनुपर्नेमा जोड दिनुभयो । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वको रकम गरिबी निवारण क्षेत्रमा खर्च गरेकोमा धन्यवाद दिंदै उहाँले आगामी दिनमा सरकारी कोषमा भन्दा पनि प्रत्यक्ष रुपमा जनतालाई राहत हुने गरी विपन्न वर्गतर्फ पनि खर्च गर्न सुझाव दिनुभयो । उहाँले बैंकिङ्ग कारोबारलाई Digitalize गर्दै स्वचालित कारोवारको सुविधा उपलब्ध गराउँदै जानुपर्नेमा जोड दिनु भयो । उहाँले बैंकिङ्ग प्रणालीमा देखिने Digital Fraud बाट जोगिई भविष्यमा आउने सम्भावित घटनाबाट बच्न आवश्यक सुरक्षा सावधानी अपनाउन सुझाव दिनुभयो । बैंकले विभिन्न समितिहरु गठन गरेकोले बैंक संस्थागत सुशासनमा अब्बल रहेको बताउनुभयो । बैंकले विगतमा लाभांश घोषणा गरी लाभांश वितरण हुन बाँकी रहेको देखिएकोले शेयरधनीहरुलाई सम्पर्क गरी तथा पत्रपत्रिकामा सूचना प्रकाशित गरी शेयरधनीहरुको खातामा जाने व्यवस्था मिलाउन सुझाव दिनुभयो । कर्जा लगानी वृद्धि गर्दै लगानी विविधिकरण गर्नुपर्ने चुनौती रहेको भन्दै कानूनी जटिलता चिर्दै निष्कृय कर्जा न्यूनीकरण, गैर-बैंकिङ सम्पत्तिको उचित व्यवस्थापन गर्नु आजको आवश्यकता रहेको बताउनुभयो । उहाँले अन्त्यमा सभाको साधारण र विशेष प्रस्तावहरुमा सहमति र समर्थन जाहेर गर्नुभयो ।

३. श्री उत्तम दत्त पाण्डे

श्री पाण्डेज्यूले साधारण सभामा हेमन्त ऋतुको अभिवादन गर्दै विश्व अर्थ व्यवस्थामा सुधार आएतापनि बैंकिङ्ग क्षेत्र मात्र नभई देशको समग्र आर्थिक स्थिति कमजोर हुँदा बैकिङ्ग प्रणालीमा ११ खर्ब भन्दा बढि लगानी योग्य रकम थुप्रिएको बताउनु भयो । हाल कर्जा बिस्तार हुन नसकेको र निक्षेपमा समेत ब्याज ओरालो लाग्दै गएको धारणा व्यक्त गर्नुभयो ।

बैंकको निष्कृय कर्जा तुलनात्मक रुपमा वृद्धि हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै उहाँले निष्कृय कर्जा कम गर्न स्पेशल टास्क फोर्स (Special Task Force) बनाई कर्जा असुली गर्न बैंक व्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो । शेयरधनीहरुको चासोको विषय लाभांश रहेकोमा जोड दिंदै उहाँले बैंकको चुक्ता पूँजीको रु.१४ अर्ब ७६ करोड रहँदा लाभांश ५.२६३ प्रतिशत दिन सफल भएकोमा धन्यवाद व्यक्त गर्नुभयो । साथै उहाँले बैंकले आगामी वर्ष दोहोरो अंकको लाभांश दिने अपेक्षा गर्नुभयो । बैंकले कर्जा अपलेखन गरेको अंक धेरै रहेको तर्फ बैंकको ध्यानाकर्षण गराउँदै बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति बढ्दै गएकोमा जायजेथा बिक्रि गरी कर्जा असुली गर्नुपर्नेमा जोड दिनुभयो । बैंकले Bank of the Year 2024 पाएकोमा बैंक स-परिवारलाई धन्यवाद दिनुभयो । उहाँले वासलातमा बैंक संञ्चालक समितिको बैठक के कति पटक बसेको हो ? सो को विवरण नभएको गुनासो गर्दै आगामी वर्ष सो थप गर्नुपर्नेमा ध्यानाकर्षण गराउनु भयो ।

४. श्री सुदिप श्रेष्ठ

श्री श्रेष्ठज्यूले सभामा उपस्थित भई मन्तव्य राख्न समय दिएकोमा बैंक सञ्चालक समिति अध्यक्ष, बैंक व्यवस्थापन समूह, कर्मचारी परिवार, शेयरधनीहरु लगायत सभामा उपस्थित सम्पूर्णलाई धन्यवाद दिंदै बैंकले ५.२६३ प्रतिशत लाभांश दिएकोमा धन्यवाद दिनुभयो । शेयरधनीहरुको चासो कति लाभांश आउँछ भन्नेमा विशेष रुची हुने भन्दै बैंकले इन्टरनेसनल नाम जस्तै गरी कार्य दुरुस्त राखि आगामी आर्थिक वर्ष दोहोरो अङ्कमा लाभांश दिने गरी कार्य गर्न सुझाव दिनुभयो । बैंकले Digital Banking मा जोड दिनुपर्ने भन्दै बैंकको थप शाखा विस्तार नगर्न सुझाव दिनुभयो । बैंकको कर्जा असुली न्यून हुँदा बैंकको निस्कृय कर्जा गत आ.व. भन्दा बढेको भन्दै सो न्यूनीकरण गर्न सुझाव दिनुभयो । साथै बैंकको गैर- बैकिङ्ग सम्पत्ति बढी रहेको भन्दै सोलाई समेत घटाउनु पर्नेमा जोड दिनुभयो । बैंकले Fone Pay को सहकार्यमा Cross Teller को सुविधा प्रदान गरेकोमा खुसी व्यक्त गर्नुभयो ।

५. श्री व्यास कुमार शर्मा

श्री शर्माज्यूले बैंकका अध्यक्ष, बैंक संचालक समिति, प्रमुख कार्यकारी अधिकृत, बैंक व्यवस्थापन अनुभवी रहेको भन्दै बैंकले गत वर्ष Bank of the Year 2024 बाट पुरस्कृत भएकोमा बधाई दिनुभयो । बैंकको विगत, वर्तमान र भविष्यको बारेमा सभामा अध्यक्षज्यूले विवरण सहित प्रष्ट पार्नुभएको भन्दै बैकिङ्ग जगतले खराब कर्जाको समस्या भोगिरहेको बेला ५.२६३ प्रतिशत लाभांश दिई सन्तोष जनक प्रदर्शन देखाएकोमा धन्यवाद व्यक्त गर्नुभयो । बैंकले स्थापना कालदेखि नै निरन्तर लाभांश दिई रहेकोमा खुसी व्यक्त गर्दै उहाँले आजको मितिमा बैंकले ५ प्रतिशत बोनस शेयर लाभांश दिए तापनि उक्त लाभांश आजको दिनमा १० प्रतिशत हाराहारी हुने धारणा व्यक्त गर्नुभयो । बैंकले Core Banking का साथ-साथै Non-Funded Business तर्फ ध्यान दिनुपर्ने सुझाव दिनुभयो । बैंकले गैर-बैकिङ्ग सम्पत्तिहरु बिकी गरी कर्जा असुली गर्नुपर्नेमा जोड दिनुभयो । बैंकमा खराब कर्जा बढि रहेकोले सोको न्यूनीकरण गर्न तर्फ लाग्नुपर्नेमा जोड दिनुभयो । बैंकले थप शाखा विस्तार गर्ने, कर्मचारी थप गर्ने भन्दा पनि भएका कर्मचारीहरुलाई थप सेवा सुविधा दिएर हाल सेवामा रहेका कर्मचारी र सञ्चालनमा रहेका शाखाहरुलाई नै अधिकतम उपयोग गरी उत्पादकत्व बढाउनु पर्नेमा जोड दिनुभयो ।

६. श्री उद्धव प्रसाद घिमिरे

श्री घिमिरेज्यूले बैंकको १९ औं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्णमा अभिवादन गर्दै बैंकको वासलातको पोर्टफोलियो हेर्दा बैंकले निरन्तर दिईरहेको लाभांश स्वागत योग्य रहेको बताउनु भयो । बैंकले आगामी वर्ष लगानीकर्ताको भावना अनुसार दोहोरो अंकको लाभांश दिन सकिएला कि नसकिएला ? भनेर सभालाई आस्वस्त पार्न अध्यक्षज्यूको ध्यानाकर्षण गर्नुभयो । बैंकले कर्जाको गुणस्तर वृद्धि गर्नुपर्ने, जोखिम व्यवस्थापन गर्नुपर्ने, अनुपालन चुस्त दुरुस्त राख्नुपर्ने, Virtual Banking System लगायत Digital Banking System मा जानुपर्नेमा जोड दिंदै दीगो विकास तर्फ अगाडि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो । पछिल्लो समयमा भएको जेन जी आन्दोलन जस्ता घटनालाई मध्यनजर गर्दै बैकिङ सुरक्षा प्रति ध्यान दिनुपर्ने सुझाव दिनुभयो । बैंकको सहायक कम्पनीहरुको वार्षिक विवरण राम्रो तथा स्वागत योग्य रहेको भन्दै उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

७. श्री ब्रह्मदेव शाक्य

श्री शाक्यज्यूले मन्तव्यको शुरुवातमा सभामा उपस्थित सम्पूर्णलाई अभिवादन गर्दै बैंकको १९ औं वार्षिक साधारण सभामा पेश भएको साधारण र विशेष प्रस्तावहरुको समर्थन गर्दै यस्तो प्रस्ताव ल्याउनु हुने सबैमा धन्यवाद दिनुभयो । बैंकले आगामी वर्ष पनि निरन्तर लाभांश दिने अपेक्षा राख्नुभयो । उहाँले बैंक सञ्चालक समितिका अध्यक्षज्यूले पेश गर्नुभएको वार्षिक प्रतिवेदन समय सापेक्ष, यथार्थपरक रहेको उल्लेख गर्दै बैंकको संचालन खर्चमा मितव्ययीताको सिद्धान्त अवलम्बन गरेकोमा सराहना गर्नुभयो । बैंकहरुमा ऋणको मागमा कमी आएको, अधिक तरलता, निक्षेपको ब्याजदरमा कमी आएकोले भविष्यमा निक्षेप पलायन हुने हो की भनी चिन्ता व्यक्त गर्दै गुणस्तरीय कर्जा प्रदान गर्न सुझाव दिनुभयो । बैंकको

संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तरगतको खर्च अन्तर्गत जेन जी आन्दोलनले ध्वस्त भएका सरकारी भवन भौतिक संरचना पुन: निर्माणमा सहयोग गर्नका निम्ति सरकारी कोषमा रकम प्रदान गर्न सुझाव दिनुभयो । साथै, उहाँले बैंकको सहायक कम्पनीहरुको प्रगति पनि राम्रै रहेको बताउनु भयो ।

८. श्री कुवेर श्रेष्ठ

श्री श्रेष्ठज्यूले १९ औं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्णमा अभिवादन व्यक्त गर्दै शेयरधनीले बैंकमा लगानी गरे अनुसार प्रतिफल खोज्ने भएकाले यो विषम् परिस्थितिमा पनि ५ प्रतिशत बोनस शेयर दिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । बैंक Bank of the Year 2024 बाट पुरस्कृत भएकोमा धन्यवाद दिँदै पुरस्कृत भए अनुसार अर्को बर्ष ५ प्रतिशत लाभांशले नपुग्ने भएकोले लाभांश दर बढाउन सुझाव दिनुभयो । अहिलेको बैंकको वित्तीय परिसूचकहरुले चिन्ताजनक र चेतावनीमूलक भएको भन्दै आगामी वर्ष नाफा बढाउन सुझाव दिनुभयो । बैंकको प्रतिशेयर आम्दानी नकारात्मक भएतापनि ५ प्रतिशत बोनस शेयर दिएकोमा धन्यवाद दिनुभयो । बैंकले गत बर्ष रु. १ अर्ब २८ करोड खुद नाफा गरेकोमा अर्को वर्ष रु. २ अर्बको लक्ष्य राखी अगाडी बढ्न सुझाव दिनुभयो । शेयरधनीहरु, बैंकको निमित्त आजको लागि मात्र नभएकोले उनीहरुको Long Range Protection मा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । बैंकहरुको मर्जर र प्राप्ति पश्चात्को अवस्था हेर्दा मर्जरमा होसियारी अपनाउनु पर्नेमा जोड दिँदै अहिले बैंक जे जस्तो परिस्थितिमा छ, त्यसैलाई सुधार गर्दै लैजान उहाँले सुझाव दिनुभयो । बैंकले आगामी वर्ष कम्तिमा ८ प्रतिशत लाभांशको घोषणा गर्नुपर्ने भन्दै अध्यक्ष ज्यूलाई ध्यानाकर्षण गराउनुभयो । अन्त्यमा, बैंकले Bank of the Year 2024 पाएकोमा खुसी व्यक्त गर्दै उहाँले सम्पूर्ण शेयरधनीको जय होस् भन्दै उन्नती प्रगतिको कामना व्यक्त गर्नुभयो ।

९. श्री गुणराज भट्ट

श्री भट्टज्यूले आफ्नो मन्तव्यको क्रममा सभामा उपस्थित सञ्चालक समितिका अध्यक्ष, सञ्चालक समिति, उच्च व्यवस्थापन, कर्मचारी तथा शेयरधनी सबैलाई अभिवादन व्यक्त गर्नुभयो । उहाँले हालको आर्थिक अवस्थामा बैंकले घोषणा गरेको लाभांश राम्रो रहेको र ५ प्रतिशतको बोनस लाभांश भनेको अहिलेको बजार मूल्यको तुलनामा करिब १० प्रतिशत को हाराहारीमा रहेको कुरा व्यक्त गर्नुभयो । उहाँले साधारण सभामा भएको व्यवस्थापन प्रति खुसी व्यक्त गर्दै बैंकले कुशल व्यवस्थापक पाएको भन्दै बैंक व्यवस्थापनको प्रशंसा गर्नुभयो । उहाँले हाल बैंकको निस्कृय कर्जा ५ प्रतिशत पुग्न लागेको बताउँदै थप बढेमा लाभांश वितरणमा संकुचन आउँने हुँदा उक्त निस्कृय कर्जा र गैह्र बैंकिङ सम्पत्ति कम गर्नका लागि सुझाव दिनुभयो । उहाँले बजारमा वित्तीय अनुशासनहिनता र अराजकताको अवस्था देखिएको औंल्याउँदै यस्तो गतिविधि नियन्त्रण गर्न राज्यले समेत ध्यानाकर्षण गर्नुपर्ने विचार राख्नुभयो । बैंकको १९औं वार्षिक साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

१०. श्री भक्ती प्रसाद उप्रेती

श्री उप्रेतीज्यूले आफ्नो मन्तव्य राख्ने क्रममा उपस्थित सञ्चालक समितिका अध्यक्ष, सञ्चालक समिति, उच्च व्यवस्थापन, कर्मचारी तथा शेयरधनी सबैलाई अभिवादन व्यक्त गर्नुभयो । उहाँले सिटिजन्स बैंक सुशासनमा अब्बल रहेको धारणा व्यक्त गर्दै बैंकका अन्य संचालनसँग सम्बन्धित पक्षहरुमा समेत यस्तै चुस्त दुरुस्त रुपमा रहोस् भन्ने कामना व्यक्त गर्नुभयो । साधारणसभा तोकिएको समयमा नै सुरु गरेकोमा खुसी व्यक्त गर्दै उहाँले विगतमा दोहोरो अंकको लाभांशको अपेक्षा गरेको भएतापनि हालको अवस्था एवं चुनौतीको बाबजुद बैंकले घोषणा गरेको ५.२६३ प्रतिशत लाभांश सन्तोषजनक रहेको बताउनुभयो । उहाँले आफ्नो मन्तव्यको क्रममा बैंकका अधिकांश सूचकहरू सकारात्मक रहेको उल्लेख गर्दै कर्जा असुलीमा विशेष ध्यान दिन सुझाव दिनुभयो । बैंकको कर्जा अपलेखन बढेको औल्याउँदै आगामी दिनमा सो तर्फ ध्यान दिन र निष्क्रिय कर्जालाई अल्पकालीन तथा मध्यकालीन रणनीति बनाएर असुली तर्फ केन्द्रित हुन सुझाव दिनुभयो । बैंकको आफ्ना सहायक कम्पनीहरूको प्राप्त नतिजामा समेत उहाँले खुसी व्यक्त गर्नुभयो । उहाँले बैंकले वितरण योग्य मुनाफामा उत्कृष्ट १० भित्र पर्नेगरी कार्य गर्नुपर्ने भन्दै, विगतका वर्षहरुमा लाभांश घोषणा भई वितरण हुन बाँकी रहेका लाभांश रकम (Unclaimed Dividend) धेरै भएकाले सम्भव भएमा व्यक्तिगत रुपमा सम्पर्क गरी प्रदान गर्न सुझाव दिनुभयो । उहाँले आगामी दिनमा दोहोरो अङ्कको प्रतिफलको अपेक्षा गर्दै साधारण सभामा प्रस्तुत भएका सम्पूर्ण प्रस्तावहरूको समर्थन गर्दै १९ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

११. श्री शत्रुघन श्रेष्ठ

श्री श्रेष्ठज्यूले आफ्नो मन्तव्यको क्रममा उपस्थित सञ्चालक समितिका अध्यक्ष, सञ्चालक समिति, उच्च व्यवस्थापन, कर्मचारी तथा शेयरधनी सबैलाई अभिवादन व्यक्त गर्नुभयो । उहाँले बैंकले आफ्नो स्थापना कालदेखि नै गरेको प्रगतिको तारिफ गर्दै हरेक वर्ष निरन्तर लाभांश प्रदान गरेकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले देशमा हाल देखिएको कठिन अवस्था तथा आन्दोलनको कारणले सिर्जित अवस्थामा समेत बैंकले घोषणा गरेको लाभांश प्रति सन्तोष व्यक्त गर्नुभयो । उहाँले

समग्र बैंकको व्यवस्थापनको कामप्रति खुशी व्यक्त गर्नुका साथै बैंकको संस्थागत सुशासनमा समेत राम्रो रहेकोमा प्रशंसा गर्नुभयो । बैंकको प्रति शेयर आम्दानी घट्दै गएको, गैर बैकिङ्ग सम्पत्ति तथा निष्कृय कर्जामा वृद्धि हुँदै गएकोमा निराशा व्यक्त गर्दै आगामी दिनमा कर्जा असुली तर्फ विशेष ध्यान दिन सुझाव दिनुभयो । हालै भएको आन्दोलनको कारणले अर्थतन्त्रमा ठूलो क्षति भएको र यसले समग्र बैंकिङ्ग क्षेत्रलाई समेत चुनौती थपेको हुँदा गुणस्तरीय कर्जा प्रवाह गर्न तथा तोकिएको क्षेत्रमा कर्जा विस्तार गर्न सुझाव दिनुभयो । साथै समग्र बैंकिङ्ग क्षेत्रको लगानीको प्रतिफलमा आएको कमीका कारण हाल आकर्षक नरहेको र समग्र बैंकिङ क्षेत्रको लाभांश दर घट्दै गएको कारण आगामी दिनमा बैंकको छविमा सुधार गर्दै अन्तर्राष्ट्रिय स्तरमा समेत आफ्नो उपस्थिति जनाउन सुझाव दिनुभयो । उहाँले हाल बैंकले गर्दै आएको संस्थागत सामाजिक उत्तरदायित्वको प्रशंसा गर्दै आगामी दिनमा गरिब र अत्यावश्यक व्यक्ति लक्षित बनाउन सुझाव व्यक्त गर्दै बैंकको १९ औं वार्षिक साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

१२. श्री डमरु बल्लभ घिमिरे

श्री घिमिरेज्यूले आफ्नो मन्तव्यको क्रममा उपस्थित सञ्चालक समितिका अध्यक्ष, सञ्चालक समिति, उच्च व्यवस्थापन कर्मचारी तथा शेयरधनी सबैलाई अभिवादन व्यक्त गर्नुभयो । उहाँले बैंकले स्थापना कालदेखि निरन्तर रुपमा लाभांश दिनुका साथै बैंकको वार्षिक साधारणसभा समयमा नै गर्दै आएकोमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले बैंकले प्रदान गरेको बोनस लाभांश राम्रो रहेको र उक्त प्रतिफल भनेको बजार मूल्यानुसार करिब १० प्रतिशत सरह रहेको भन्दै खुसी व्यक्त गर्नुभयो । बैंकको कार्यसम्पादनमा कर्मचारीहरूको प्रयासको सराहना व्यक्त गर्दै हाल देखिएको विषम परिस्थितिमा पनि बैंकले गरेको उपलब्धीको लागि धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले बैंकले प्रकाशित गरेको यस आर्थिक वर्षको प्रथम त्रैमासको वित्तीय विवरणका बारेमा जिज्ञासा राख्दै बैंकका उपत्यका भित्र धेरैवटा आफ्नै भवन रहेकोमा सोको उचित व्यवस्थापन गर्न सुझाव समेत दिनुभयो । अन्तमा बैंकको प्रगतिको कामना गर्दै आगामी दिनहरुमा सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

१३. श्री इन्द्र प्रसाद लामिछाने

श्री लामिछानेज्यूले आफ्नो मन्तव्यको क्रममा उपस्थित सञ्चालक समितिका अध्यक्ष, सञ्चालक समिति, उच्च व्यवस्थापन कर्मचारी तथा शेयरधनी सबैलाई अभिवादन व्यक्त गर्नुभयो । उहाँले यस बैंकको साख भनेको हरेक वर्ष साधारण सभा दशैं अगाडि नै सम्पन्न गर्ने गरेको हुँदा उक्त साखलाई कायम राख्दै आगामी दिनमा समेत प्रथम त्रैमास भित्रै वार्षिक साधारण सभा सम्पन्न गर्न सुझाव दिनुभयो । उहाँले बैंकको घट्दो प्रति शेयर आम्दानी र प्रति शेयर नेटवर्थको बारेमा चिन्ता व्यक्त गर्दै, निष्कृय कर्जा सुधार गर्न, ऋण असुलीमा विशेष ध्यान दिन सुझाव दिनुभयो । उहाँले बैंकको सञ्चालक समितिको निर्वाचनको बारेमा जिज्ञासा राख्नुभयो । बैंकले हरेक वर्ष निरन्तर रुपमा लाभांश वितरण गर्दै आएको स्मरण गर्दै अर्को वर्षमा दोहोरो अंकको प्रतिफलको अपेक्षा गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्नुभयो ।

१४. श्री रोज कुमार श्रेष्ठ

श्री श्रेष्ठज्यूले आफ्नो मन्तव्यको क्रममा उपस्थित सञ्चालक समितिका अध्यक्ष सञ्चालक समिति उच्च व्यवस्थापन कर्मचारी तथा शेयरधनी सबैमा अभिवादन व्यक्त गर्दै उहाँले बैंकले निरन्तर रुपमा शेयरधनीहरूको हात खाली नरहने गरी लाभांश वितरण गरेकोमा कृतज्ञता व्यक्त गर्नुभयो । गत आर्थिक वर्षमा बैंकको नाफा केही घट्नुका साथै यस आर्थिक वर्षको प्रथम त्रैमासको रिर्पोटमा बैंक नोक्सानी देखिएकोमा चिन्ता व्यक्त गर्दै आगामी दिनमा बैंकको कार्यसम्पादनमा सुधार गर्दै अगाडि बढ्न सुझाव दिनुभयो । उहाँले बैंकको वार्षिक साधारण सभामा अध्यक्ष ज्यूले प्रस्तुत गर्ने प्रतिवेदन छोटो एवं छरितो बनाउन ध्यानाकर्षण गराउनुभयो । अन्त्यमा बैंकले पाएको Bank of the Year 2024 को उपाधिको प्रतिष्ठालाई कायम राख्दै अघि बढ्न शुभकामना व्यक्त गर्नुभयो ।

१५. श्री महेन्द्र बहादुर श्रेष्ठ

श्री श्रेष्ठज्यूले आफ्नो मन्तव्यको क्रममा उपस्थित सबैमा अभिवादन व्यक्त गर्दै हालको असहज परिस्थितिमा पनि बैंकले घोषणा गरेको लाभांशको लागि सम्पूर्ण व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले बैंकको निक्षेपको ब्याजदर कम हुँदै गएको तर्फ संकेत गर्दै उक्त कारणले पूँजी पलायनको चिन्ता व्यक्त गर्दै सोतर्फ ध्यान दिन आग्रह गर्नुभयो । बैंकको सम्पत्ति तर्फ सुरक्षणका लागि आवश्यक बिमा गर्दा आन्दोलनको जोखिमलाई समेत ध्यान दिन सुझाव दिनुभयो । हालैको आन्दोलनका कारणले बैंक तथा पर्यटन क्षेत्रमा असर पुर्याएकोले यस्ता क्षेत्रमा भएका लगानीमा ध्यान पुर्याउन आग्रह गर्नुभयो । उहाँले साधारण सभामा हुने भनेको निर्वाचनमा देखिएको कानुनी अड्चनको चासो व्यक्त गर्दै बैंकको साइबर सुरक्षामा विशेष ध्यान दिन आग्रह गर्नु भयो । अन्त्यमा, आगामी आर्थिक वर्षमा आश्विन मसान्त भित्रै वार्षिक साधारणसभा सम्पन्न गर्न सुझाव दिँदै बैंकको १९ औं वार्षिक साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

१६. श्री युगल बस्नेत

श्री बस्नेतज्यूले उपस्थित सम्पूर्णमा अभिवादन व्यक्त गर्दै बैंकले प्रस्ताव गरेको ५.२६३ प्रतिशत लाभांश तारिफयोग्य रहेको भन्दै धन्यवाद व्यक्त गर्नुभयो । उहाँले लगानीकर्ताहरुले आफ्नो लगानीको प्रतिफलको आशा गर्ने हुँदा आगामी वर्षमा दोहोरो अंकको लाभांशको अपेक्षा गर्नुभयो । बैंकको दशैं अघि नै साधारण सभा गर्ने प्रचलन रहेको हुँदा आगामी वर्षहरुमा पनि दशैं अगाडि साधारण सभा सम्पन्न गर्न सुझाव दिनुभयो ।

बैंकको खुद व्याज आम्दानी बढेको भएतापनि निष्कृय कर्जामा वृद्धि भई खुद मुनाफा घटेको देखिएको हुँदा व्यवस्थापनलाई ध्यानार्कषण गराउनु भयो । उहाँले सुझाव दिने क्रममा साधारण सभा आयोजना गर्दा साधारण सभा सम्बन्धित क्रियाकलापको प्रस्तुति राख्न सुझाव दिनुभयो । उहाँले बैंकको प्रमुख सूचांकहरुमा क्रमश: सुधार गर्दै बैंकलाई अघि बढाउनुपर्ने सुझाव दिनुभयो ।

१७. श्री गोगन बहादुर पराजुली

श्री पराजुलीज्यूले आफ्नो मन्तव्यको क्रममा उपस्थित सञ्चालक समितिका अध्यक्ष, सञ्चालक समिति, उच्च व्यवस्थापन कर्मचारी तथा शेरधनी महानुभाव सवैमा अभिवादन व्यक्त गर्नुभयो । उहाँले हालको जटिल परिस्थितिमा पनि ५ प्रतिशत बोनस सेयर आएतापनि सन्तुष्टि योग्य नभएकोले आगामी वर्षमा दोहोरो अङ्कको प्रतिफलको अपेक्षा व्यक्त गर्नुभयो । उहाँले बैंकमा तरलता धेरै भएको तर्फ ध्यान दिन सुझाव दिनुका साथै निष्क्रिय कर्जा र गैह्र बैंकिङ सम्पत्तिलाई समेत गम्भीरता पूर्वक लिन सुझाव दिनुभयो । बैंकले शाखा विस्तार रोक्न सुझाव दिनुका साथै बैंकको निष्क्रिय कर्जा अनुपात ४.९४ प्रतिशत पुगेकाले उक्त कर्जा असुलीका लागि विशेष कार्य योजना लागु गर्न सुझाव दिनुभयो । त्यसैगरी बैंकको सहायक कम्पनीको प्रतिफल आगामी वर्षमा निरन्तरता तर्फ जोड दिनुका साथै बैंकको १९ औ वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

१८. श्री उत्सव श्रेष्ठ

श्री श्रेष्ठज्यूले उपस्थित सम्पूर्ण महानुभावलाई आफ्नो अभिवादन व्यक्त गर्दै बैंकद्वारा प्रस्ताव गरिएको ५ प्रतिशत बोनस शेयर कम भएको जनाउँदै आगामी दिनमा कम्तिमा १० प्रतिशत लाभांश दिने गरी सोही अनुरुप कार्य गर्नको लागि व्यवस्थापनलाई आग्रह गर्नुभयो । उहाँले विभिन्न शीर्षक अन्तर्गतका खर्चहरुलाई मितव्ययिता अपनाई खर्च नियन्त्रण गर्नेतर्फ विशेष ध्यान दिन अनुरोध गर्नुभयो । त्यसैगरी, उहाँले बैंकको कर्जा अपलेखनको आकारमा वृद्धि भएको देखिएको हुँदा त्यसतर्फ जोड दिँदै कर्जा असुली प्रक्रियालाई तिव्रता दिई निष्कृय कर्जाको आकार घटाई व्यवस्थापन गर्न सुझाव दिनुभयो । यसका साथै, बैंक Nepal Bankers' Association (NBA) मा आवद्ध रहेको हुँदा बैंकलाई हित हुने गरी कार्य गर्नका लागि NBA लाई पहल गर्नका लागि सभा मार्फत अनुरोध गर्न आग्रह गर्नुभयो ।

१९. श्रीमती निरुपमा गुप्ता

श्रीमती गुप्ताज्यूले उपस्थित सम्पूर्णमा अभिवादन व्यक्त गर्दै निष्कृय कर्जाको वृद्धिका कारण प्रति शेयर आम्दानी घट्दो क्रममा रहेको भएता पनि कानूनले निर्धारित समयमा साधारण सभा गरी लाभांश प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो । साथै, यस साधारणसभालाई व्यवस्थित ढंगले आयोजना गरेको र आगामी दिनमा पनि यसै किसिमले आयोजना गर्न आग्रह गर्नुभयो । आ. व २०८१/८२ को वार्षिक प्रतिवेदन अनुसार सञ्चित मुनाफा र वितरणयोग्य मुनाफा सन्तोषजनक नै रहेको हुँदा सञ्चालक समितिको कार्यकुशलताको प्रशंसा गर्दै यस संस्थाको शेयरधनी भएकोमा गौरवान्वित महशुस भएको धारणा व्यक्त गर्नुभयो । बैंकको वित्तीय सुचांकहरु मध्ये निष्कृय कर्जा अनुपातमा वृद्धि भएकोले त्यस तर्फ ध्यानाकर्षण गराउँदै कर्जा असुलीमा विशेष जोडबलका साथ कार्य गर्न आग्रह गर्नुभयो । त्यसैगरी, शेयरधनीहरुको हात खालि नराखी निरन्तर रुपमा लाभांश दिएकोमा खुसी व्यक्त गर्दै आगामी वर्ष बैंकको नामलाई उच्च राख्ने गरी दोहोरो अंकमा लाभांश वितरण गर्नेगरी कार्य गर्न सुझाव दिनुभयो । साथै, बैंकले संस्थागत सामाजिक उत्तरदायित्व तर्फ योगदान गर्दै आउनु भएकोमा आगामी दिनमा असक्षम र आवश्यकता परेकाहरुको शिक्षातर्फ थप योगदान पुऱ्याउनकालागि विशेष अनुरोध गर्नुभयो । समग्रमा, बैंक हालसम्म प्रगतिको पथमै रहेको विचार व्यक्त गर्दै निष्कृय कर्जा र सञ्चालन खर्चमा सुधार गर्दै जाँदा बैंकले भविष्यमा राम्रो प्रतिफल दिनसक्ने क्षमता रहेको कुरा व्यक्त गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

२०. श्री कमल राम भट्टराई

श्री भट्टराईज्यूले सम्पूर्ण उपस्थित अध्यक्ष, सञ्चालक समितिका सदस्यहरु तथा शेयरधनी महानुभावहरुमा अभिवादन व्यक्त गर्दै बैंकको वित्तीय सुचांकहरुतर्फ शेयरधनी साथीहरुले दिनुभएका सुझावहरुलाई मध्येनजर गर्दै अघि बढ्नुपर्ने धारणा

व्यक्त गर्नुभयो । त्यसैगरी, बैंकको वित्तीय अनुशासन, जोखिम व्यवस्थापन र Digital रुपान्तरणको अभ्यास सराहनीय रहेको कुरा व्यक्त गर्नुभयो । बैंकद्वारा प्रदान गरिएको Cross Bank Teller QR Withdrawal र Virtual Credit Card सुविधा प्रशंसनीय रहेको बताउनु भयो । साथै बैंकले भविष्यमा निष्कृय कर्जाको व्यवस्थापन, खर्च घटाउनका साथै खुद मुनाफामा सुधार गर्न सुझाव दिनुभयो । अन्त्यमा, आधुनिक Digital प्रविधिहरुको प्रयोगमा Digitization लाई थप गुणस्तरीय बनाउन सुझाव दिँदै हरेक बर्ष बैंकको उन्नति प्रगति भइरहोस् भनि शुभकामना दिनुभयो ।

२१. श्री धुव्रराज न्यौपाने

श्री न्यौपानेज्यूले साधारणसभामा सम्पूर्णमा नमस्कार गर्दै देशको यस्तो विषम परिस्थितिमा पनि बैंकले लाभांश प्रस्ताव गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले बैंकको जगेडा कोष तथा प्राथमिक पूँजीकोषलाई थप मजबुत बनाउँदै आगामी वर्षहरुमा दोहोरो अंकको लाभांशको अपेक्षा राख्नुभयो । गत वर्षको तुलनामा कर्जा अपलेखनमा यस वर्ष केही वृद्धि देखिएको हुँदा यसलाई न्यूनीकरण गर्नका लागि शाखागत तहबाट विशेष जोडबलका साथ लागि पर्न सुझाव दिनुभयो । विगतका वर्षहरूमा वितरण गरी बुझिलिन बाँकी रहेको लाभांश रकम सम्बन्धित शेयरधनीहरुलाई यथासीघ्र वितरण गर्नका लागि समेत आग्रह गर्नुभयो । अन्त्यमा, उहाँले सेवाग्राहीहरुबाट प्राप्त गुनासोलाई अब्बल रुपमा समाधान गर्दै जानको लागि आग्रह गर्दै आगामी वर्षमा १० प्रतिशत लाभांशको अपेक्षा राख्दै आफ्नो मन्तव्य टुङ्याउनु भयो ।

२२. श्री उत्तम पाठक

श्री पाठकज्यूले अभिवादन व्यक्त गर्दै बैंकले निरन्तर रुपमा प्रत्येक वर्ष लाभांश बाढ्दै आएकोमा हालको विषम परिस्थितिमा पनि लाभांश प्रस्ताव गर्दै आफ्नो अस्तित्व जोगाउन सफल भएकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले बैंकले लाभांशको रुपमा प्रदान गर्ने नगद वा बोनस शेयर जारी गर्न विभिन्न कारकहरुको भूमिका रहेको हुँदा बैंकले सोही अनुरुपमा लाभांश वितरण गर्ने कुरा प्रष्ट पार्नुभयो । त्यसैगरी, बैंकको वार्षिक प्रतिवेदनमा बैंकको तथ्यांकहरु सुक्ष्म रुपमा प्रस्तुत गरेको देखिएको हुँदा संस्थागत सुशासन बलियो रहेको विचार व्यक्त गर्नुभयो । साथै, बैंकको सहायक कम्पनीहरुले उपलब्ध गराउँदै आएका सुविधाहरुको पनि शेयरधनीहरुलाई जानकारी गराउँदै व्यवसाय वृद्धि गराउनको लागि आग्रह गर्नुभयो । अन्त्यमा, समग्रमा बैंकको सबै पक्षहरु राम्रो रहेको र बैंकको अझै राम्रो भविष्य रहेको विचार राख्दै धन्यवाद व्यक्त गर्नुभयो ।

२३. श्री लवराज जोशी

श्री जोशीज्यूले सभामा अभिवादन व्यक्त गदै आफ्नो मन्तव्य राख्न पाउँदा बैंकप्रति आभार व्यक्त गर्नुभयो । आफ्नो मन्तव्यको क्रममा बैंकलाई नयाँ दिशा, नयाँ उमङ्गका साथ अनुभवी सञ्चालकहरुले सञ्चालन गर्नुभएकोमा धन्यवाद दिनुभयो । श्री जोशीज्यूले मन्तव्य राख्ने क्रममा बैंकमा विद्यमान रहेको निष्कृय कर्जा व्यवस्थापन जस्ता चुनौतीहरुलाई न्यूनीकरण गर्नको लागि बैंकले उचित रणनीति बनाई अघि बढिरहेको हुँदा बैंकले आगामी दिनमा राम्रो लाभांश वितरण गर्ने विश्वास व्यक्त गर्नुभयो ।

बैंकले कर्मचारी साथीहरुमा राम्रो लगानी गरेको भन्दै उहाँले सम्पूर्ण कर्मचारी साथीहरुलाई हालका चुनौतीहरुको सामना गर्दै राम्रो ढङ्गले काम गर्नको लागि आग्रह गर्नुभयो । बैंकमा रहेको निष्कृय कर्जाको व्यवस्थापन तर्फ विशेष ध्यान दिन तथा शेयरधनी महानुभावहरुले दिनु भएको सुझावहरुलाई कार्यान्वयन गर्दै गएमा बैंकको भविष्य उज्जवल रहेको धारणा व्यक्त गर्नुभयो । अन्त्यमा Bank of the Year 2024 बाट सम्मानित भएकोमा बधाई ज्ञापन गर्दै बैंकको अझ उन्नति र प्रगतिको कामना गर्दै उहाँले आफ्नो मन्तव्य टुङ्याउनु भयो ।

९.२ छलफलमा लिखित मन्तव्य दिनुहुने शेयरधनी महानूभावहरुले निम्नानुसारका मन्तव्य व्यक्त गर्नु भएका थियो-

१. श्री चन्द्र नारायण श्रेष्ठ

श्री श्रेष्ठज्यूले सम्पूर्णमा आफ्नो अभिवादन व्यक्त गर्दै बैंकको वार्षिक साधारणसभा आर्थिक वर्ष समाप्त भएको ४ महिना १२ दिनमा नै सम्पन्न गर्न सकेकोमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले बैंकले गत वर्षको तुलनामा २९.९९ प्रतिशतले बढी लाभांश, ५ प्रतिशतले हुने बोनस शेयर रु. ७३.८४ करोड र नगद लाभांश (कर प्रयोजन) ०.२६३ प्रतिशतले हुने रु. ३.८८ करोड गरी कूल रु.७७ करोड ७२ लाख प्रतिफल बाँड्ने प्रस्ताव प्रति धन्यवाद व्यक्त गर्नुभयो । गत वर्ष असुल हुन बाँकी ब्याज आम्दानी यस वर्ष रु.२३.७० करोड असुल उपर हुँदा नियमनकारी समायोजनबाट फिर्ता पाएको हुँदा संचित नाफा रु.७७ करोड ८१ लाख पुगि रु.७७ करोड ७२ लाख बाँड्न सक्षम भएको धारणा राख्नुभयो । त्यसैगरी, बैंकले Bank of the Year 2024 को उपाधि हाँसिल गरेकोमा सबैमा हार्दिक बधाई दिनुभयो । बैंकको काबु बाहिरको परिस्थितिले गर्दा Gross Total Impairment रु.६.४८ अर्ब बाट ४१.५२ प्रतिशतले बृद्धि भई रु.९.१७ अर्ब पुगेको तथा अपलेखित कर्जा

पनि रु.१.९५ करोडबाट रु.१८.१८ करोड पुगेको हुँदा यसप्रति सचेत हुन बैंक संचालक समिति तथा व्यवस्थापनलाई आग्रह गर्नुभयो । अन्त्यमा, यस वर्ष पनि शेयरधनीलाई खालि हात खाली नहुने गरी बोनस शेयर दिने व्यवस्था मिलाउनु भएकोमा यस बैंकको सफलताको कामना सहित वार्षिक साधारणसभा अनुशासित र मर्यादापूर्ण तरिकाले सम्पन्न होस् भनि शुभकामना व्यक्त गर्नुभयो ।

२. श्री बैजूनाथ रौनियार

श्री रौनियारज्यूले उपस्थित सम्पूर्णमा अभिवादन व्यक्त गर्दै देशको विषम स्थितिमा पनि शेयरधनीहरुले आ.व. २०८१/८२ मा ०.२६३ प्रतिशत नगद लाभांश कर तिर्न र ५ प्रतिशत बोनश शेयर गरि जम्मा ५.२६३ प्रतिशत लाभांश पाउँदा धेरै खुशी भएको व्यक्त गर्नुभयो । वार्षिक विवरण अनुसार खुद व्याज आम्दानी आ.व २०८०/८१ को तुलनामा आ.व २०८१/८२ मा १२.८ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ४१ करोड ५४ लाख पुगेकोले बैंकले आम्दानी गर्न सफल भएको र सञ्चालन मुनाफा, खुद मुनाफा गत वर्षको भन्दा घटेतापनि बैंकले लाभांश दिएकोले यो धेरै नै सराहनीय रहेको व्यक्त गर्नुभयो । साथै, यस बैंकले आफ्नो गतिविधि ठिक राख्न विभिन्न समितिहरु गठन गरी सो समितिले दिने सुझावहरु अनुसार सुधार गरी बैंकलाई प्रगतिको पथमा लैजान कार्य गरिरहेको हुनाले भविष्यमा पनि शेयरधनीहरुले बढी लाभांश पाउने आशा रहेको बताउनुभयो । आ.व. २०८१/८२ मा सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सामाजिक कार्यमा रु. १ करोड ४७ लाख ६२ हजारको सहयोग गरेको राम्रो रहेको र बालबच्चा, दलित बालबच्चाको शैक्षिक अध्ययनतर्फ सहयोग र मानव आश्रममा सहयोग गर्न अनुरोध गर्नुभयो । यस बैंकमा मर्ज भएका संघसंस्थाहरुका शेयरधनीहरुले बुझ्न बाँकी रकम उल्लेख भएकोले त्यस तर्फ पनि ध्यान दिन संचालक समितिलाई अनुरोध गर्नुभयो । बैंकको प्रतिशेयर खुद सम्पत्ति गत वर्षको तुलनामा बढेको र प्रतिशेयर आम्दानी गत वर्षको तुलनामा घटेकोले यसलाई सुधार गर्न अनुरोध गर्नुभयो । उहाँले फैसला हुन बाँकी मुद्दाहरुलाई घटाउन तर्फ ध्यान दिन र कर्जा असुली तर्फ कडाईका साथ कार्य गर्न अनुरोध गर्नुभयो । नेपाल राष्ट्र बैंकले लाभांश घोषणा तथा वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति दिंदा ३ बुँदा कैफीयत उल्लेख गरी स्वीकृति दिएकोमा जवाफ पठाई सकेको भएता पनि अर्को वर्ष कुनै कैफीयत नआउने गरी कार्य गर्न सुझाउनुभयो ।

३. श्री लक्ष्मण बहादुर श्रेष्ठ

श्री श्रेष्ठज्यूले सभामा उपस्थित सबैलाई अभिवादन व्यक्त गर्दै बैंकको विषम परिस्थितिका बाबजुद पनि आर्थिक वर्ष २०८१/८२ मा शेयरधनीलाई ५.२६३ प्रतिशत प्रतिफल दिन सफल भएकोमा बैंकका संचालक तथा व्यवस्थापनलाई धन्यवाद दिनुभयो । उहाँले आगामी वर्षमा बैंकको प्रतिफल बढ्नेमा आशा व्यक्त गर्दै हालैको आन्दोलनले बैंकमा पारेको प्रभावको जानकारी दिन आग्रह गर्नुभयो । उहाँले बैंकको खर्चमा मितव्ययिता अपनाउन आग्रह गर्दै खराब कर्जा असुलीमा विशेष ध्यान दिन आग्रह गर्नुभयो । बैंकको काठमाडौं उपत्यकामा भएका भवनहरुको उचित व्यवस्थापन गर्न सुझाव दिनुभयो । अन्त्यमा, आजका दिनसम्म बैंकलाई यहाँ सम्म ल्याउने कर्मचारीहरु प्रति आभार व्यक्त गर्दै बैंकको साधारण सभामा पेश भएका सम्पूर्ण प्रस्तावहरुको समर्थन गर्दै वार्षिक साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

४. श्री कृष्ण प्रसाद अधिकारी

श्री अधिकारीज्यूले बैंकले समयमा नै साधारण सभा सम्पन्न गरी ५.२६३ प्रतिशत लाभांश दिएकोमा धन्यवाद दिंदै आगामी दिनमा प्रतिफल बढ्ने आशा व्यक्त गर्नुभयो । उहाँले बैंकको वित्तीय प्रतिवेदन नेपाली भाषामा प्रकाशित भएकोमा खुसी व्यक्त गर्दै लेखा परीक्षण प्रतिवेदन पनि नेपाली भाषामा मै होस भन्ने अपेक्षा गर्नुभयो । बैंकमा कार्यरत कर्मचारी मध्ये ४३ प्रतिशत महिला कर्मचारी भएकोमा ५० प्रतिशत पुऱ्याउन सुझाव दिनुभयो । बैंकको ०.५० प्रतिशत भन्दा बढि शेयर हुने शेयरधनीहरुको बारेमा आगामी वर्षमा संस्थापक र सर्वसाधारण वर्गमा छुट्याइ वार्षिक प्रतिवेदन प्रकाशित गर्न सुझाव दिनुभयो । बैंकको संस्थागत सुशासन राम्रो रहेकोले आगामी दिनमा थप प्रगतीका लागि शुभकामना तथा बधाई दिनुभयो ।

५. श्री नरसिंहलाल चंखू

श्री चंखू ज्यूले बैंकले गत आर्थिक वर्ष ५.२६३ प्रतिशतको लाभांश दिएकोमा बैंक संचालक समिति, व्यवस्थान समूह प्रति आभार व्यक्त गर्नुभयो । उहाँले समग्रमा बैंकका वित्तीय सुचांकहरु सुधारोन्मुख रहेकामा त्यसमा थप ध्यान दिन आग्रह गर्नुभयो । उहाँले आम्दानीका श्रोतहरु मजवुत रहेता पनि निष्क्रिय कर्जा वृद्धिले बैंकको Impairment Charge मा भएको अत्याधिक वृद्धिका कारण खुद मुनाफामा संकुचन आएकोले सो तर्फ विशेष ध्यान दिन सुझाव दिनुभयो । उहाँले Bank of the Year 2024 बाट सम्मानित भएकोमा सम्पूर्ण कर्मचारीहरुलाई बधाई दिदैं बैंकको Forex Income, ROA, ROI, ROE, CAR, CCD, CRR जस्ता अनुपात, कर्मचारी व्यवस्थापन, प्रति कर्मचारी

व्यवसायिक आम्दानीमा सुधार गर्न व्यवस्थापन सचेत रहेको अपेक्षा गर्नुभयो । गैह्र बैंकिङ्ग सम्पत्ती, कर्जा अपलेखन र निष्कृय कर्जा घटाउनको लागि सम्बन्धित विभाग र शाखाहरु बीच समन्वय गरि कर्जा असुली टिमको प्रभावकारीता बढाउनु पर्नेमा जोड दिनुभयो । बैंकको Product Quality and Business Strategy सुधार हुँदै गएकोमा खुसि व्यक्त गर्दै थप सफलताको कामना गर्नुभयो । अन्त्यमा, उहाँले बैंकका विभिन्न परिसूचकहरुको बारेमा सन्तुष्टी व्यक्त गर्दै आगामी आर्थिक वर्षको लागि सफलताको कामना गर्नुभयो ।

१०. शेयरधनीहरूले प्रकट गर्नु भएको जिज्ञासामा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलज्यूले गर्नुभएको सम्बोधनः

प्रमुख कार्यकारी अधिकृतज्यूले साधारण सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएको जिज्ञासा तथा सुझाव उपर आफ्नो जवाफ दिने क्रममा सभाका अध्यक्ष, सञ्चालक समिति, शेयरधनी महानुभावहरू तथा कम्पनी सचिवलाई धन्यवाद ज्ञापन गर्दै बैंकको वार्षिक साधारण सभा सम्बन्धी बजारमा आएको केहि समाचारहरुका बावजुद पनि अत्यन्त मिठो ढङ्गले यस वार्षिक साधारणसभा सम्पन्न भएकोमा खुसी व्यक्त गर्नुभयो । बैंक विभिन्न ऐन, नियम तथा निर्देशिकाहरु मार्फत बाँधिएको हुँदा सोही नियमहरूको अधिन र परिधिमा रहि काम गर्नुपर्ने जानकारी गराउनुभयो । त्यसैगरी, कर्मचारी खर्च तथा सञ्चालन खर्च तर्फ बैंकले मितव्ययिता अपनाएको बताउँदै उहाँले समग्र वाणिज्य बैंकहरूको तुलनामा उल्लेख्य रुपमा बैंकको खर्च कम रहेको बताउनुभयो । साथै अन्य वित्तीय सुचांकहरु तर्फ व्याजदर अन्तर, कोषको लागत, खुद ब्याज आम्दानी जस्ता महत्वपूर्ण सूचकहरु राम्रो रहेको तर निष्कृय कर्जामा विशेष ध्यान दिई न्यूनिकरण गर्ने उद्देश्यका साथ देशैभरका शाखाहरुलाई उचित ढङ्गले परिचालन गरी समग्र ध्यान केन्द्रित गरी कार्य गरिरहेको जानकारी गराउनुभयो ।

शेयरधनी महानुभावहरुको अन्य जिज्ञासाहरुलाई प्रष्ट पार्दै आगामी दिनमा देशको परिस्थिति राम्रो हुँदै गएमा बैंकको अवस्था पनि अवश्य राम्रो हुने धारणा व्यक्त गर्नुभयो । यसका साथै बैंक सहि दिशामा रहेको र कर्मचारी साथीहरु पनि प्रतिबद्ध रहनुभएको साथै, सञ्चालक समितिमा अनुभवि तथा कुशल व्यक्तित्वहरु रहनु भएको हुँदा बैंकको भविष्य राम्रो रहेको आश्वासन दिनुभयो । बैंकको स्थापना काल देखि १९ वर्षको इतिहासमा समग्र बैंकिङ क्षेत्रको औसत लाभांश करिब १४ प्रतिशत रहँदा बैंकको औसत लाभांश १०.४० प्रतिशत रहेको जानकारी गराउनुभयो ।

त्यसैगरी आर्थिक वर्ष २०७५/०७६ देखि आर्थिक वर्ष २०७८/०७९ सम्म ४ वर्षको अवधिमा बैंकको औसत लाभांश १२.७५ प्रतिशत रहेकोमा यस अवधिमा समग्र बैंकिङ्ग क्षेत्रको औसत लाभांश भने १४.३२ प्रतिशत रहेको प्रष्ट्याउनु भयो । विगतको ३ वर्षमा समग्र बैंकिङ्ग क्षेत्रमा विद्यमान कठिनाइ र चुनौतीहरुका कारण औसत लाभांश नै एकल अंकमा रहँदा बैंकले आर्थिक वर्ष २०८१/०८२ मा ५.२६३ प्रतिशत लाभांश प्रस्ताव गरेको जानकारी गराउनुभयो । अन्त्यमा, समग्रमा बैंक राम्रो रहेको र शेयरधनीज्यूहरुको अन्य केही सल्लाह सुझाव भएमा बैंकका प्रवक्ता तथा कम्पनी सचिवलाई सम्पर्क गरी आवश्यक सल्लाह सुझावको लागि अनुरोध गर्दै शेयरधनीज्यूहरुको अन्य गुनासाहरु भएमा उहाँहरुकालागि बैंकको ढोका सदैव खुला रहेको व्यहोरा समेत जानकारी गराउनुभयो ।

११. शेयरधनी महानुभावहरुले प्रकट गर्नु भएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका अध्यक्ष प्रबलजंग पाण्डेज्यूले व्यक्त गर्नुभएको सम्बोधन :

अध्यक्षज्यूले साधारणसभामा शेयरधनी महानुभावहरूबाट प्राप्त जिज्ञासा र सुझावका सम्बन्धमा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलज्यूले प्रस्ट्याई सक्नुभएको व्यहोरा अनुरोध गर्दै सभा समक्ष प्रस्तुत भएका जिज्ञासा तथा सुझावहरु आगामी दिनमा मार्गदर्शनको रुपमा ग्रहण गरी क्रमशः कार्यान्वयन गर्दै अगाडि बढ्नका लागि बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूलाई ध्यानाकृष्ट गराउनुभयो । अध्यक्षज्यूले सभामा प्रस्तुत प्रस्तावहरु एजेण्डागत रुपमा क्रमशः पढि पारित गरिदिनको लागि सम्पूर्ण शेयरधनीहरुलाई साधारणसभामा अनुरोध गर्दै सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१२. १९ औं वार्षिक साधारण सभाका निर्णयहरु :

(क) **साधारण प्रस्तावहरु**

१. **आ.व. २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।**
सभापतिज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने स्वीकृत गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. **सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार कर प्रयोजनार्थ ०.२६३ प्रतिशतका दरले हुन आउने रु. ३८,८६५,८२३.५९ बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**
सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ०.२६३ प्रतिशतका दरले हुन आउने रु.३८,८६५,८२३.५९/- बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्न प्रस्ताव पारित गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. **कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

आर्थिक वर्ष २०८२/८३ को लागि वाह्य लेखापरीक्षकको नियुक्तिका विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम लेखापरीक्षण समितिले "कम्पनीको लेखापरीक्षकको नियुक्तीको लागि सम्भावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरी अनुमोदनका लागि साधारण सभामा पेश गर्ने", तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ र दफा ६१ को खण्ड (ङ) मा भएको व्यवस्था बमोजिम तीन जना लेखापरीक्षकको नाम सिफारिस गर्नु पर्ने भनि उल्लेख भए बमोजिम बैंकको आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक श्री M/s S. Dangol & Associates, श्री M/s M.R.U & Associates, र श्री M/s SAR Associates, Chartered Accountants संस्थाहरुबाट प्राप्त भएका प्रस्तावहरुको लेखापरीक्षण समितिद्वारा प्राविधिक तथा वित्तीय मुल्याङ्कनका आधारमा अध्ययन गरी बैंकको आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक श्री M/s M.R.U & Associates, Chartered Accountants कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम बैकंको आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षणको लागि नियुक्त गर्न योग्य देखिएको हुँदा निजलाई देहाय बमोजिमका कार्य सम्पादन गर्ने गरी मूल्य अभिवृद्धि कर बाहेक रु. २५,००,०००/- (अक्षरेपि रुपैंया पच्चीस लाख मात्र) पारिश्रमिक तथा अन्य विविध खर्चहरु मूल्य अभिवृद्धि कर बाहेक रु. ३,००,०००/- (अक्षरेपि रुपैंया तीन लाख मात्र) नबढ्ने गरी भुक्तानी गर्ने गरी बैंकको आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षक नियुक्त गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

1. Statutory Audit
2. Long Form Audit Report (LFAR)
3. Tax Audit
4. Certification under section 78 of the Company Act, 2063
5. Certification of Corporate Governance Annual Report
6. Certification of Compliance Report

५. क. **बैंकको नियमावली अनुसार समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) र समूह 'ख' का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद ३ (तीन) निर्वाचन गर्ने ।**
बैंकको नियमावली अनुसार समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) र समूह 'ख' सर्वसाधारण समूहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद ३ (तीन) का लागि निर्वाचन कार्यतालिका रहेकोमा निवेदक रत्नेश्वर प्रसाद शर्मा र विपक्षी/प्रत्यर्थी नेपाल राष्ट्र बैंक,

बालुवाटार समेत ७ जना भएको रि.नं. ०८२-WO-०५०२ नं. को उत्प्रेषणयुत्त परमादेश समेत/ मुद्धामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०८/११ का दिन सञ्चालक निर्वाचन प्रक्रिया र साधारण सभा सम्बन्धमा "सो सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १६ ले बैंक वा वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुने योग्यता र दफा १८ ले सञ्चालक हुन अयोग्यता तोकेको भएतापनि नेपाल राष्ट्र बैंकबाट जारी भएको उक्त निर्देशिकामा उल्लेख भए बमोजिम बैंकको संस्थापक र साधारण शेयरधनी रहेका व्यक्ति बैंकको सर्वसाधारण तर्फको सञ्चालक हुन अयोग्य हुने उल्लेख भएको देखिएन । यसर्थ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को उक्त कानूनी व्यवस्थाको रोहमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशिकाको कार्यान्वयनमा व्यवस्थाको प्रश्न समावेश भएको देखिएकोले सो विषयमा प्रस्तुत निवेदनको अन्तिम आदेश हुँदा व्यवस्था हुने हुँदा मिति २०८२/०८/१२ मा गर्ने भनिएको विपक्षी सिटिजन्स बैंक इन्टरनेशनल लि. सञ्चालक समितिको निर्वाचन प्रक्रिया सम्म प्रस्तुत निवेदनको टुङ्गो नलागे सम्म कार्यान्वयन नगर्नु नगराउनु भनि अन्तरिम आदेशको जानकारी विपक्षीहरुलाई दिनु" भनि आदेश भएकोले सम्मानित सर्वोच्च अदालतको सो आदेशलाई सम्मान गर्दै सञ्चालक समितिको निर्वाचन गर्ने प्रस्ताव सो निवेदनको टुङ्गो नलागे सम्म सञ्चालक समिति निर्वाचन प्रक्रिया कार्यान्वयन गर्न नमिल्ने भई निर्वाचन प्रक्रिया रोकिएको कारण निर्वाचन प्रक्रियाद्वारा नयाँ सञ्चालकहरु नियुक्त नहुँदा सम्मको समयावधीको लागि वर्तमानमा निर्वाचन गर्न लागिएको पदमा कायम रहेका सञ्चालक श्री प्रकाश चन्द्र मैनाली, श्री विजय ध्वज कार्की र श्री अनिल कुमार ज्ञवालीज्यूहरुलाई नै निरन्तरता दिने निर्णय सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

ख. विशेष प्रस्तावहरु

१. **सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ५ प्रतिशतका दरले हुन आउने रु.७३८,४५०,६४८.३० बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।**

सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ५ प्रतिशतका दरले हुन आउने रु.७३८,४५०,६४८.३० बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनि सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. (क) **बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।**

(क-१) **बैंकको अधिकृत पूँजी बृद्धि गर्ने सम्बन्धमा ।**

बैंकको अधिकृत पूँजी बृद्धि गर्ने सम्बन्धमा सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम प्रबन्धपत्रको दफा ५ को (क) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम पूँजी संरचना वृद्धि गरी संशोधन गर्ने निर्णय गरियो:

५(क) बैंकको अधिकृत पूँजी रु.२०,००,००,००,०००/- (अक्षरेपि रु. बीस अर्ब) हुनेछ । सो पूँजीलाई रु.१००/- का दरले २०,००,००,००० (बीस करोड थान) साधारण शेयरमा बिभाजित गरिएको छ ।

(क-२) **बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।**

बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम ५ प्रतिशत वोनस शेयर वितरण गर्ने प्रस्ताव गरिएकोमा सभाले ५ प्रतिशत बोनश शेयर बापत रु.७३८,४५०,६४८.३० बितरण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेकोले प्रबन्धपत्रको दफा ५ को (ख) र (ग) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम पूँजी संरचना वृद्धि गरी संशोधन गर्ने निर्णय गरियो:

५(ख) बैंकको कुल जारी पूँजी रु. १५,५०,७४,६३,६१४/- (अक्षरेपि पन्ध्र अर्ब पचास करोड चौहत्तर लाख त्रिसठ्ठी हजार छ सय चौध रुपैयाँ मात्र) हुनेछ । सो पूँजी लाई रु.१००/- का दरले १५,५०,७४,६३६.१४ पन्ध्र करोड पचास लाख चौहत्तर हजार छ सय छत्तीस दशमलव चौध) थान साधारण शेयरमा बिभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु. १५,५०,७४,६३,६१४/-(अक्षरेपि पन्ध्र अर्ब पचास करोड चौहत्तर लाख त्रिसठ्ठी हजार छ सय चौध रुपैयाँ मात्र) हुनेछ ।

५(ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु. १५,५०,७४,६३,६१४/-(अक्षरेपि पन्ध्र अर्ब पचास करोड चौहत्तर लाख त्रिसठ्ठी हजार छ सय चौध रुपैयाँ मात्र) हुनेछ ।

३. **बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(ग) विविध ।

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकका उच्च व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरु, नेपाल सरकारका सम्बद्ध निकाय लगायत नेपाल राष्ट्र बैंक तथा सम्बन्धित सबै नियमनकारी निकायहरुलाई विशेष धन्यवाद व्यक्त गर्दै शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै १९ औं वार्षिक साधारण सभा सफलता पूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै दिउसो २:५० बजे विधिवत रुपमा सभा विसर्जन गर्नु भयो ।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.

श्री प्रमेश राज कायस्थ
कम्पनी सचिव

श्री प्रबल जंग पाण्डे
अध्यक्ष